# खेलकुद संरचनाको पूर्वाधार निर्माण तथा मर्मत सम्भार साझेदारी कार्यक्रम कार्यन्वयनका लागि प्रयोग गरिने

# सम्झौता फाराम

## आ.व.२०७९/०८०

| |
|---|
| क्लवको नाम :- |
| ठेगाना :- |
| खाता नं. :- |
| खातावालाको नाम (चेकमा उल्लेख भए अनुसार) :- |
| बैंकको नाम :- |
| सम्पर्क नं. :- |
| स्वीकृत कार्यक्रमको नामः- |
| इमेल ठेगानाः- |

**अनुदान प्राप्त उप कार्यक्रमहरु :-**

१. खेलकुद संरचना :- खेल मैदान निर्माण तथा मर्मत सम्भार कार्य

२. आर्थिक सहयोग रकम :- रु............................./- (अक्षरुपी...............................................................)

प्रदेश सरकार

लुम्बिनी प्रदेश

शिक्षा तथा खेलकुद मन्त्रालय

शिक्षा तथा सामाजिक विकास निर्देशनालय

# सामाजिक विकास डिभिजन कार्यालय

नेपालगंज,बाँके

## १. पृष्ठभूमि :-

- ❖ लुम्बिनी प्रदेश सरकारको प्रथम आवधिक योजना (२०७६/०७७-२०८०/०८१) ले पूर्वाधारहरुको विकास एवं युवा, महिला, पुरुष र बालबालिकाहरुलाई समान तर प्रतिस्पर्धी अवसर सिर्जना गर्दै खेलकुदको समग्र विकास गर्ने उद्देश्य राखेको छ । त्यसै गरी यस योजनाले खेलकुदका लागि आवश्यक पूर्वाधारसहित इनडोर तथा आउटडोर खेल संचरना तथा रंगशालाहरुको निर्माण गर्ने रणनीति पनि लिएको छ । उक्त रणनीतिलाई पुरा गर्नका लागि प्रदेश भित्र अन्तर्राष्ट्रिय र राष्ट्रिय स्तरका रंगशालाहरु निर्माण गर्ने कार्यनीति लिएको छ ।
- ❖ प्रदेश सरकारको प्रथम आवधिक योजनाले राखेको उक्त उद्देश्य पुरा गर्नका लागि शिक्षा, विज्ञान, युवा तथा खेलकुद मन्त्रालयबाट आ.व. २०७९/०८० को ब.उ.शि.नं. ३५००००१ मा स्वीकृत वार्षिक बजेटमा खेल मैदान निर्माण, **.......................................................................................... निर्माणको लागि रु............................/- ( अक्षरुपी ......................................................मात्र ।)** बजेटको विनियोजन गरिएको छ ।

## २. सम्झौता पत्रको उद्देश्य :-

- ❖ खेल संरचना निर्माणको क्रममा हुन सक्ने स्थानीय बाधा अवरोध हटाउनका लागि सहजीकरण गर्ने ।
- ❖ खेल संरचना (खेल मैदान ) निर्माणको कार्य सम्पन्न गर्ने ।

## ३. उपरोक्त कार्यक्रम सम्पन्न गर्नपहिलो पक्ष सामाजिक विकास डिभिजन कार्यालय नेपालगंज, बाँकेले पालना गर्नु पर्ने शर्तहरु :-

- ❖ ...............................................................क्लवको खेल मैदान निर्माण खेलकुद संरचना तथा खेलमैदानको पूर्वाधार निर्माण, ................................को लागि ......................................................क्लवका संचालक समिति .............................................लाई तोकिएको रकम उपलब्ध गराई सो सम्बन्धी कार्यको नियमित अनुगमन गर्नेछ ।
- ❖ सामाजिक विकास डिभिजन कार्यालय नेपालगंज, बाँकेले क्लव संचालक समितिको खाता रहेको .................................. बैंक लि. .....................शाखाको खाता नं.................................................... मा अनुदानको पहिलो किस्ता ३० प्रतिशत सम्झौता भएपछि, कार्यक्रम संचालन गरि काम सम्पन्न प्रतिवेदन पश्चात् अन्तिम भुक्तानी गरी बढीमा २ (दुई) किस्तामा जम्मा रकम उपलब्ध गराईने छ ।
- ❖ ................................................. क्लवको खेलकुद संचरना मर्मत संभार तथा निर्माण .......................उ.प.न.पा. / न.पा. / गा.पा. वडा नं. को लागि .......................................... क्लवका संचालक समितिलाई उपलब्ध गराईएको अनुदान रकमको सदुपयोगको सुनिश्चितता नभएसम्म डिभिजन कार्यालयले पूरा बजेट निकासा दिन बाध्य हुने छैन ।
- ❖ डिभिजन कार्यालयले निर्माण कार्यको डिजाइन लागत अनुमान तयार गर्ने स्वीकृत गर्ने प्राविधिक सल्लाह दिने नाप जाँच गर्ने जाँचपास गर्ने लगायत आवश्यक प्राविधिक सहयोग र सुपरीवेक्षण गर्ने तथा सो कार्यको लागि सम्बन्धित नगरपालिकाका / गाउँपालिकाका प्राविधिकलाई समेत अनुरोध गर्न सकिनेछ ।

कार्यालयको छाप :- सचिव/ कोषाध्यक्षको दस्तखत :- क्लवको छाप :-

कार्यालय प्रमुख दस्तखत :- क्लवको अध्यक्षको दस्तखत :-

**४. दोस्रो पक्ष ........................................................ क्लवको खेलमैदान मर्मत संभार तथा निर्माण ........................ उ.प.न.पा./न.पा./गा.पा. वडा नं. को लागि ........................................ क्लवका संचालक समितिले पालना गर्नुपर्ने शर्तहरु :-**

- सम्झौता सम्पन्न भएपछि सम्झौतामा उल्लेखित शर्तहरु अनुसार खेल मैदान मर्मत संभार तथा निर्माण क्लवका संचालक समितिले शिक्षा तथा सामाजिक विकास निर्देशनालय/सामाजिक विकास डिभिजन कार्यालयको अनुगमन निरीक्षण एवं तोकिएको इञ्जिनियर र सब-इञ्जिनियरको सहयोगमा कार्य सम्पादन गर्नुपर्ने छ ।
- क्लवका संचालक समितिले खेल मैदान मर्मत संभार तथा निर्माण कार्यहरु मिति २०७९/ / गतेदेखि मिति २०७९/ / गतेसम्म तोकिएको अवधि भित्र मन्त्रालय/निर्देशनालय/सामाजिक विकास डिभिजन कार्यालय बाँके, लुम्विनी प्रदेशको निर्देशन अनुसार कार्य सम्पन्न गराउने दायित्व क्लवको संचालक समिति र क्लवका संचालक समितिबाट गठन भएको निर्माण उप-समितिको हुनेछ । तोकिएको कार्य तोकिएको समयमा पूरा नगर्ने क्लवका संचालक समितिले संचालन गरेको कार्यक्रमको अनुदान रकम शिक्षा तथा सामाजिक विकास निर्देशनालय/ सामाजिक विकास डिभिजन कार्यालय बाँकेले भुक्तानी दिन बाध्य हुने छैन र भुक्तानी भइसकेको अवस्थामा नियमानुसार असुल उपर गर्न आवश्यक प्रक्रिया अपनाउनेछ ।
- क्लवको खेलकुद संरचना मर्मत संभार तथा निर्माण.......................... उ.प.न.पा. /न.पा./गा.पा. वडा नं. को लागि क्लवका संचालक समितिले खेलकुद संरचना निर्माण कार्यको लागि आफ्नो कार्यालयमा एउटा छुट्टै रजिष्ट्रर कायम गरी खेलकुद संरचना निर्माण कार्यक्रममा खरिद भएका सामाग्रीहरुको विवरण खर्चको हिसाबका साथै विल, भौचर, दैनिक खर्चको विवरण र कामदारहरुको नागरिकताको प्रतिलिपीसहितको हाजिरी विवरण आदि सुरक्षित साथ राख्नु पर्नेछ ।यस्ता कागजातहरु पेश नगर्ने संस्थाहरुलाई अन्तिम किस्ता भुक्तानी दिइने छैन वा बैंक खातामा जम्मा गरिएको रकम रोक्का गरिने छ ।
- यदि लेखा तथा निर्माण कार्यको रजिष्टर नराखिएमा वा निरीक्षण टोलीलाई हेर्न नदिएमा वा निर्माण कार्यको गुणस्तर सन्तोषजनक नभएमा यस्ता संस्थाहरुमा निर्माण कार्य रोक्का गर्ने, खाताबाट रकम झिक्न अनुमति नदिने लगायतका कारवाहीका प्रकृया अघि बढाइने छ ।
- प्रत्येक आ.व. मा नै खेलकुद संरचनाको भौतिक पूर्वाधार विकासको कार्यक्रम अनुसारको कार्य सोही आ.व.मा नै सम्पन्न गर्ने शिक्षा तथा सामाजिक विकास निर्देशनालय/सामाजिक विकास डिभिजन कार्यालय नेपालगंज, बाँकेको लक्ष्य रहेको हुँदा संस्थामा भौतिक सुधारको लागि छनौट भएका कार्यक्रमहरुले चालु आ.व. भित्रै तोकिएको कार्यहरु सम्पन्न गर्नु पर्नेछ ।
- क्लवको खेलकुद संरचना मर्मत संभार तथा निर्माण .......................... उ.प.न.पा. /न.पा./गा.पा. वडा नं. को लागि क्लवका संचालक समितिले प्राप्त गरेको अनुदान जुन प्रयोजनका लागि प्राप्त भएको हो सोही प्रयोजनका लागि खर्च गर्नुपर्ने छ । त्यसो नभई तोकिएभन्दा अन्य प्रयोजनमा खर्च भएमा सम्बन्धित पक्ष नै जिम्मेवार रहनेछ । साथै सामाजिक विकास डिभिजन कार्यालय बाँकेमा क्लवका संचालक समितिबाट अन्तिम भुक्तानीका लागि पेश भएको सक्कल काजगातहरुको

आधारमा काम सम्पन्न भई भुक्तानी भए पश्चात आन्तरिक र अन्तिम लेखापरिक्षण क्रममा कायम हुने बेरुजु फरफरक गर्ने, गराउने प्रयोजनका लागि डिभिजन कार्यालयलाई आवश्यक पर्न गएमा सम्बन्धित संस्थाको अनुदान रकमको ५ देखि १० प्रतिशत धरौटी कट्टा गर्न सकिनेछ ।

- आम्दानी खर्चको विवरण र कार्य प्रगतिको जानकारी संस्थाको संचालक समितिमा छलफल गरी अर्को किस्ता माग गर्नु पर्नेछ ।दोश्रो किस्ता निकासा दिदाँ सामाजिक विकास डिभिजन कार्यालयको प्राविधिकले गरेको सिफारिसको आधारमा दिन सकिनेछ ।
- आयोजनाको कुल लागत भन्दा घटी लागतमा आयोजना सम्पन्न भएको अवस्थामा सो मुताविकनै अनुदान र श्रमदानको प्रतिशत निर्धारण गरी भुक्तानी लिनु पर्नेछ ।
- क्लवको खेलकुद संरचना मर्मत संभार तथा निर्माण .......................... उ.प.न.पा. /न.पा./गा.पा. वडा नं. को लागि क्लवका संचालक समिति बाँकेले प्राविधिकको राय, परामर्श एवं निर्देशन अनुरुप काम गर्नु पर्नेछ ।
- क्लवका संचालक समितिले आयोजनासंग सम्वन्धित विल, भरपाईहरु, डोर हाजिरी फारामहरु, जिन्सी नगदी खाताहरु, समिति / समुहको निर्णय पुस्तिका आदि कागजातहरु कार्यालयले मागेको बखत उपलव्ध गराउनु पर्नेछ र त्यसको लेखापरीक्षण पनि गराउनु पर्नेछ ।
- कुनै सामाग्री खरिद गर्दा आन्तरिक राजस्व कार्यालयबाट स्थायी लेखा नम्वर र मुल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्र प्राप्त व्यक्ति वा फर्म संस्था वा कम्पनीबाट खरिद गरी सोही अनुसारको विल भरपाई आधिकारीक व्यक्तिबाट प्रमाणित गरी पेश गर्नु पर्नेछ ।
- मूल्य अभिबृद्धि कर (VAT) लाग्ने बस्तु तथा सेवा खरिद गर्दा रु.२०,०००/- भन्दा बढी मूल्यको सामाग्रीमा अनिवार्य रुपमा मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त गरेका व्यक्ति फर्म संस्था वा कम्पनीबाट खरिद गर्नु पर्नेछ । साथै उक्त विलमा उल्लिखित मु.अ.कर बाहेकको रकममा १.५% अग्रीम आयकर बापत करकट्टि गरी बाँकी रकम मात्र सम्वन्धित सेवा प्रदायकलाई भुक्तानी हुनेछ । रु.२०,०००/- भन्दा कम मूल्यको सामाग्री खरिदमा पान नम्वर लिएको व्यक्ति वा फर्मबाट खरिद गर्नु पर्नेछ । पाँच लाख भन्दा माथि खरिद कार्य गर्नु पर्ने भएमा सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ (संशोधन सहित) ले तोकेको प्रक्रिया अनुरुप खरिद भई खेलकुद संरचना निर्माणको कार्य सम्पन्न गर्नुपर्नेछ अन्यथा खरिद गर्ने पदाधिकारी स्वयम् जिम्मेवार हुनेछ । सो ऐन तथा नियमावली अनुसार भए गरेको नपाइएमा उपलब्ध गराइएको रकम असुल उपर गरिनेछ ।
- डोजर रोलर लगायतका मेशिनरी सामान भाडामा लिएकोमा लिई विल भरपाई पेश भएको अवस्थामा १०% प्रतिशत बहाल कर तिर्नु पर्नेछ ।

कार्यालयको छाप :- सचिव/ कोषाध्यक्षको दस्तखत :- क्लवको छाप :-

कार्यालय प्रमुख दस्तखत :- क्लवको अध्यक्षको दस्तखत :-

- निर्माण कार्यको हकमा शुरु लागत अनुमानका कुनै आईटमहरुमा परिर्वतन हुने भएमा अधिकार प्राप्त व्यक्ति / कार्यालयबाट लागत अनुमान संसोधन गरे पश्चात मात्र कार्य गराउनु पर्नेछ । यसरी लागत अुनमान संशोधन नगरी कार्य गरेमा क्लवका संचालक समिति/समुह नै जिम्मेवार हुनेछ ।
- क्लवको खेलकुद संरचना मर्मत संभार तथा निर्माण .......................... उ.प.न.पा. /न.पा./गा.पा. वडा नं. को लागि क्लवका संचालक समितिले काम सम्पन्न गरिसकेपछि बाँकी रहन गएका खप्ने सामानहरु मर्मत संभार समिति गठन भएको भए सो समितिलाई र सो नभए सम्वन्धित कार्यालयलाई बुझाउनु पर्नेछ । तर मर्मत समितिलाई बुझाएको सामानको विवरण एक प्रति सम्वन्धित कार्यालयलाई जानकारीको लागि बुझाउनु पर्नेछ ।
- सम्झौता बमोजिम आयोजना सम्पन्न भएपछि अन्तिम भुक्तानीको लागि कार्यसम्पन्न प्रतिवेदन, नापी किताव, प्रमाणित विल भरपाई, योजनाको फोटो, सम्वन्धित संचालक समितिले आयोजना संचालन गर्दा भएको आय व्ययको अनुमोदन सहितको निर्णय, सम्बन्धि निर्वाचन क्षेत्रका निर्वाचित माननीय प्रदेश सभा सदस्यज्यूहरु, स्थानिय तहको जनप्रतिनिधी, शिक्षक, अभिभावक, विद्यार्थी, नागरिक समाजका अगुवाहरु, राजनैतिक दलका प्रतिनिधी, पत्राकार र संस्थासँग अन्य सरोकारवालाहरु सहित कम्तिमा ५० जनाभन्दा माथि व्यक्तिहरुको भेलाबाट भएको सार्वजनिक लेखापरीक्षणको निर्णयको प्रतिलिपी तथा सम्वन्धित कार्यालयको वडा कार्यालयको सिफारिस सहित अन्तिम किस्ता भुक्तानीको लागि निवेदन पेश गर्नु पर्नेछ ।
- आयोजना सम्पन्न भएपछि कार्यालयबाट जाँचपास गरी फरफारकको प्रमाणपत्र लिनु पर्नेछ । साथै आयोजानाको आवश्यक मर्मत संभारको व्यवस्था सम्वन्धित संस्थाहरुले नै गर्नु पर्नेछ ।
- आयोजनाको दीगो सञ्चालन तथा निर्माण भएको मितिले २ वर्षसम्म खेल मैदान निर्माण कार्यको संचालन मर्मत संभार र सुरक्षा क्लव संचालन समितिले गर्नुपर्ने छ ।
- क्लवको खेलकुद संरचना मर्मत संभार तथा निर्माणको लागि क्लवका संचालक समितिबाट कार्य गर्दा कुनै प्रकारको पेश्की उपलव्ध गराइने छैन । आयोजनाको सवै काम क्लवको संचालक समिति/क्लवका संचालक समिति/समुहको निर्णय अनुसार गर्नु गराउनु पर्नेछ ।
- कार्यक्रम सञ्चालन क्रममा कुनै बाधा अड्चन आइपरेमा आपसी सहमतिबाट त्यस्ता वाधा अड्चन हटाइनेछ ।
- क्लवको खेलकुद संरचना मर्मत संभार तथा निर्माण २०७९ साल ..........................मसान्तभित्र कार्य सम्पन्न गर्नुपर्नेछ । कार्यक्रम सञ्चालन गर्दा कुनै किसिमको विवाद उत्पादन भएमा सम्बन्धित क्षेत्र प्रदेश सभा सदस्यको समन्वयमा कार्यक्रम प्रभावकारी र फलदायी बनाउन आवश्यक्ता अनुसार दुवै पक्षबीच आपसी छलफल गर्न सकिने छ । साथै कुनै कारण जनाइ वा नजनाई कार्यक्रम संचालनमा कठिनाई हुन गएमा यो सम्झौता रद्द गर्ने अधिकार यस कार्यालयमा निहित रहनेछ ।

कार्यालयको छाप :- सचिव/ कोषाध्यक्षको दस्तखत :- क्लवको छाप :-

कार्यालय प्रमुख दस्तखत :- क्लवको अध्यक्षको दस्तखत :-

- तोकिएको कार्य कुनै जायज कारण बिना तोकिएको समयमा पूरा नगर्ने खेल मैदान मर्मत संभार तथा निर्माण क्लवका संचालक समितिको अनुदान रकम भुक्तानी दिन सामाजिक विकास डिभिजन कार्यालय नेपालगंज, बाँके बाध्य हुने छैन र भुक्तानी भैसकेको अवस्थामा नियमानुसार असुलउपर गर्न आवश्यक प्रक्रिया अपनाउने छ ।
- क्लवका संचालक समितिले प्राप्त गरेको अनुदान जुन प्रयोजनका लागि प्राप्त भएको हो सोही प्रयोजनका लागि खर्च गर्नुपर्ने छ । त्यसो नभई तोकिएभन्दा अन्य प्रयोजनमा खर्च भएमा सम्बन्धित पक्ष नै जिम्मेवार रहने छ ।
- सम्झौतामा उल्लेख नभएको अन्य कुराको हकमा प्रचलित ऐन, कानून बमोजिम हुनेछ ।

**५. कबुलियतनामा :-**

................................................ क्लवको खेलकुद संरचना मर्मत संभार तथा निर्माण .......................... उ.प.न.पा. /न.पा./गा.पा. वडा नं. को लागि क्लवका संचालक समितिले खेलकुद मैदान मर्मत संभार तथा निर्माण कार्यक्रम संचालन गर्न सामाजिक विकास डिभिजन कार्यालयबाट अनुदान सहयोग प्राप्तिको लागि प्रयोग गरिने कबुलियतनामा देहाय बमोजिम हुनेछ ।

| सि.नं. | कार्यक्रमको विवरण | संख्या | एकाई | ल.इ. रकम(रु) | साझेदारीमा स्थानीय तह/क्लवको योगदान गर्ने रकम (रु) | कार्यक्रमको जम्मा अनुदान सहयोग रकम (रु) | कै. |
|---|---|---|---|---|---|---|---|
| १. | | | | | | | |
| **कूल जम्मा** | | | | | | | |

श्री .........................................................क्लवको खेलकुद संरचना मर्मत संभार तथा निर्माण क्लवका संचालक समितिका अध्यक्ष श्री ............................................, कोषाध्यक्ष श्री ........................................... र सचिव श्री .................................................को संयुक्त निवेदनमा स्थानीय तहबाट सिफारिस भई सम्बन्धित क्लवका संचालक समितिबाट उपलब्ध गराइएको डिजाइन, ड्राइंग, इष्टिमेट र कार्ययोजना बमोजिम माथि उल्लेखित कार्यहरु सामाजिक विकास डिभिजन कार्यालयबाट उपलब्ध गराइएको आर्थिक सहयोग (कन्टेजेन्सी बाहेक) रकम रु................./- ( अक्षरुपी .................................................... मात्र ) प्राप्त गरी सम्पूर्ण शर्तहरु पालना गर्ने गरी सम्पन्न गर्न सामाजिक विकास डिभिजन कार्यालय नेपालगंज, बाँके र ...................................................... क्लवको संचालक समिति बिच यो सम्झौता गरिदियौं............................... ।

कार्यालयको छाप :- सचिव/ कोषाध्यक्षको दस्तखत :- क्लवको छाप :-

कार्यालय प्रमुख दस्तखत :- क्लवको अध्यक्षको दस्तखत :-

## *सम्झौता गर्ने पदाधिकारीहरु*

*सामाजिक विकास डिभिजन कार्यालय तर्फबाट*

कार्यालय प्रमुख :- राम करन पाल

हस्ताक्षर :-

प्रशासन शाखा प्रमुख :- गुमान सिंह न्यौपाने

हस्ताक्षर :-

निर्देशनालय/डिभिजन कार्यालयको छाप :-

*क्लवको संचालक समितिको तर्फबाट*

अध्यक्ष :-

हस्ताक्षर :-

उपाध्यक्ष/सचिव :-

हस्ताक्षर :-

क्लवको नाम :-

क्लवको छाप :-

क्लवका संचालक समितिका पदाधिकारीहरुको नामावली ।

| **क्र.सं** | **नाम र थर** | **पद** | **नागरिकता नम्बर र जारि जिल्ला** | **मोवाइल नम्बर** | **कैफियत** |
|---|---|---|---|---|---|
| १. | | | | | |
| २. | | | | | |
| ३. | | | | | |
| ४. | | | | | |
| ५. | | | | | |
| ६. | | | | | |
| ७. | | | | | |
| ८. | | | | | |
| ९. | | | | | |
| १०. | | | | | |
| ११. | | | | | |

**सम्झौता सम्पन्न भएको मिति :- २०७९/    /    गते ।**

कार्यालयको छाप :-    सचिव/ कोषाध्यक्षको दस्तखत :-    क्लवको छाप :-

कार्यालय प्रमुख दस्तखत :-    क्लवको अध्यक्षको दस्तखत :-